# 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण

टेकबहादुर चन्द

परीक्षा क्रमाङ्क : २८०७२२/०७३

त्रि.वि. दर्ता नं. : ९-२-६०१-९०-२००९

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा
विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको
नेपा.शि ५४४ पाठ्यांशको प्रयोजनका
लागि प्रस्तुत

## शोधपत्र

**२०७३/2016**

शिक्षाशास्त्र केन्द्रीय विभाग

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर ।

# प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएका छैनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । तसर्थ यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

................

टेकबहादुर चन्द

मिति : २०७३/०८/१३

## शोधनिर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण** शीर्षकको शोधपत्र शोधार्थी टेकबहादुर चन्दले मेरा निर्देशनमा तयार पार्नु भएको हो । म यस शोधकार्यसँग पूर्णत सन्तुष्ट रहेको छु । उहाँले कडा परिश्रम र लगनशीलताका साथ तयार पार्नु भएको प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.......................

गणेशबहादुर बोहरा

(शोधनिर्देशक)

मिति : २०७३/०८/१४

Nov 29, 2016

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**नेपाली भाषा शिक्षा विभाग**

**कीर्तिपुर**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको **'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क्र.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा. डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ........................ |
| २. | प्रा. महेश्वर न्यौपाने (शोधविशेषज्ञ) | ........................ |
| ३. | श्री गणेशबहादुर बोहरा (शोधनिर्देशक) | ........................ |

मिति : २०७३/०९/०३

Dec 19, 2016

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनका लागि आदरणीय गुरु गणेशबहादुर बोहराज्यूको कुशल निर्देशनमा तयार गरेको हुँ । आफ्नो कार्य व्यस्तताका बिचमा पनि शोधपत्र तयारीका सन्दर्भमा निर्देशन, सल्लाह र सुझाव दिई सहयोग गर्नुहुने श्रद्धेय गुरुप्रति सहृदय देखि नै कृतज्ञताज्ञापन गर्दछु ।

भ्रमर उपन्यासको सङ्कथन विश्लेषण शीर्षक स्वीकृत गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराई तथा शोधपत्र तयार गर्न चाहिने आवश्यक सन्दर्भ सामग्री उपलब्ध गराउने नेपाली भाषा शिक्षा विभागप्रति कृतज्ञताज्ञापन गर्दछु । त्यसैगरी नेपाली भाषा शिक्षा विभागमा रहने सम्पूर्ण गुरुहरूप्रति कृतज्ञताज्ञापन गर्दछु र आवश्यक पुस्तक समयमा उपलब्ध गराई दिएकोमा विभिन्न पुस्तक प्रकाशनप्रति खुशी व्यक्त गर्दै प्रशासनिक सेवा तथा जानकारी उपलब्ध गराइ सेवा पुऱ्याउने दिदी तारा अधिकारीलाई धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधपत्र लेखनको यस अवस्थामा ल्याइपुऱ्याउन अध्ययनको निम्ति सदासर्वदा सहयोग गर्नुहुने आमाबुबाप्रति आजीवन ऋणी रहने छु । मेरो जीवनलाई सार्थक बनाउन हरेक क्षेत्रबाट सहयोग गर्ने मेरा भाइहरू शिवराज चन्द, खड्क चन्द, राकेश चन्द तथा जीवनभरि साथ दिने जीवन साथी सावित्री न्यौपानेप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी शोधपत्र लेखनका क्रममा आवश्यक सल्लाह, सुझाव र उत्साह दिएर सहयोग पुऱ्याउनु हुने साथीहरू सबैलाई धन्यवाद दिन चाहन्छु ।

..................

टेकबहादुर चन्द

मिति : २०७३/०८/१३

# शोधसार

**शोधशीर्षक** : **'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण**

**शोधार्थी** : टेकबहादुर चन्द

**शोधनिर्देशक** : गणेशबहादुर बोहरा

**विभाग/क्याम्पस** : नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

**शैक्षिक वर्ष** : २०७१/०७३

**अध्याय** : पाँच

**पृष्ठ सङ्ख्या** : ८१+१७

## शोध उद्देश्य

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) 'भ्रमर' उपन्यासमा प्रयोग भएका सम्बद्धकहरूको पहिचान गर्नु,

(ख) 'भ्रमर' उपन्यासमा प्रयोग भएका सम्बद्धनहरूको पहिचान गर्नु,

(ग) उक्त उपन्यासमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनको विश्लेषण गर्नु ।

## शोध प्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको हो ।

प्रस्तुत शोधकार्य रूपनारायण सिंहद्वारा लिखित 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण रहेको छ । उक्त सङ्कथन विश्लेषणका क्रममा सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा के-कस्तो छ ?, 'भ्रमर' उपन्यासमा के कस्ता सम्बद्धकहरूको प्रयोग भएका छन् ?, 'भ्रमर' उपन्यासमा के कस्ता सम्बद्धनहरूको प्रयोग भएका छन् ? र उक्त उपन्यासमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनको विश्लेषण कसरी गर्न सकिन्छ ? जस्ता

समस्यामा केन्द्रित रहेको छ । उक्त समस्या समाधानका लागि सङ्कथन विश्लेषणका सैद्धान्तिक अवधारणाको परिचय, 'भ्रमर' उपन्यासमा प्रयोग भएका सम्बद्धकहरूको पहिचान गर्नु, 'भ्रमर' उपन्यासमा प्रयोग भएका सम्बद्धनहरूको पहिचान गर्नु, उक्त उपन्यासमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनको विश्लेषण गर्नु जस्ता उद्देश्यहरू निर्धारण गरिएको छ ।

यस शोधकार्यमा प्रमुख रूपमा पुस्तकालयीय अध्ययन र अन्य विधिमा खोज विधि, छलफल विधि र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस क्रममा रूपनारायण सिंहद्वारा लिखित 'भ्रमर' उपन्यासलाई प्राथमिक स्रोत र यस शीर्षकसँग सम्बन्धित पुस्तक, लेख, अनुसन्धान कार्यहरू र शोधपत्रहरूलाई द्वितीयक स्रोतको रूपमा लिई विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्र अध्याय पाँचसम्म संरचित गरिएको छ । शोधकार्यको अध्याय एकमा शोध परिचय, अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा, अध्याय तिनमा अध्ययन विधि र प्रक्रिया, अध्याय चारमा व्याख्या तथा विश्लेषण र अध्याय पाँचमा सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

**शोध निष्कर्ष**

- प्रस्तुत शोधमा रूपनारायण सिंहद्वारा लिखित 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण गरिएको छ ।
- 'भ्रमर' उपन्यास सङ्कथनका दृष्टिले उपयुक्त देखिएको छ ।
- प्रस्तुत शोधमा सम्बद्धक र सम्बद्धनको पहिचान गरी विश्लेषण गरिएको छ ।
- प्रस्तुत शोधपत्रमा 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण गर्ने क्रममा सम्बद्धकअन्तर्गत सार्वनामिक सम्बद्धक, स्थानिक सम्बद्धक, कालिक सम्बद्धक, संयोजक सम्बद्धक, प्रतिस्थापन सम्बद्धक, लोप सम्बद्धक, निपात सम्बद्धक, पुनरावृत्ति सम्बद्धक, पर्यायवाची सम्बद्धक र विपरीतार्थी सम्बद्धकको प्रयोग भएको पाइन्छ ।
- यस्तै 'भ्रमर' उपन्यासको सङ्कथन विश्लेषण गर्ने क्रममा सम्बद्धनअन्तर्गत कारण कार्य सम्बन्ध, कार्य कारण सम्बन्ध, परिणामबोधक सम्बन्ध, सामान्य विशिष्ट सम्बन्ध, विशिष्ट सामान्य सम्बन्ध, परिवेश घटना सम्बन्ध, घटना परिवेशको सम्बन्ध, व्यतिरेकी सम्बन्ध, प्रयोजनको सम्बन्ध, स्मरणको सम्बन्ध, आर्थी पर्याय

सम्बन्ध, आर्थी विपर्याय सम्बन्ध, स्पष्टोक्ति सम्बन्ध, अनुमान सम्बन्ध, परिचयात्मक सम्बन्ध, व्याख्यात्मक सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध, प्रश्नार्थगत सम्बन्ध, पुनरुक्ति सम्बन्ध, युगपदबोधक सम्बन्ध, समुच्चयबोधक सम्बन्ध, शीघ्रताबोधक सम्बन्ध र आज्ञार्थक सम्बन्ध गरी २५ वटा सम्बद्धनको प्रयोग भएको पाइन्छ ।

- प्रस्तुत शोधमा सम्बद्धकको विश्लेषण गर्दा जम्मा ३३८ सम्बद्धकको प्रयोग भएको पाइन्छ भने व्याकरणिक सम्बद्धकअन्तर्गत सार्वनामिक सम्बद्धक २०९ पटक प्रयोग भएको पाइन्छ । जसमा पुरुषवाचक सार्वनामिक सम्बद्धक ४० पटक, आत्मवाचक सार्वनामिक सम्बद्धक २२ पटक, दर्शकवाचक सार्वनामिक सम्बद्धक २५ पटक, सम्बन्धवाचक सार्वनामिक सम्बद्धक ३ पटक र प्रश्नवाचक सार्वनामिक सम्बद्धक २४ पटक प्रयोग भएको पाइन्छ । त्यसैगरी सबैभन्दा कम प्रतिस्थापन सम्बद्धक १ पटक मात्र प्रयोग भएको पाइन्छ । यसैगरी अन्य सम्बद्धकमा क्रमशः स्थानिक तथा कालिक सम्बद्धक ९६ पटक, संयोजक र निपात सम्बद्धक ६२ पटक, लोप सम्बद्धक ३ पटक प्रयोग भएको पाइन्छ । यसैगरी शाब्दिक वा कोशीय सम्बद्धकअन्तर्गत पुनरावृत्ति सम्बद्धक २५ पटक, विपरीतर्थी सम्बद्धक ८ पटक र पर्यायवाची सम्बद्धक १० पटक प्रयोग भएको पाइन्छ ।
- प्रस्तुत शोधमा सम्बद्धनको विश्लेषण गर्दा जम्मा १९३ सम्बद्धनको प्रयोग भएको पाइन्छ । यसमा सबैभन्दा बढी अनुक्रबोधक सम्बन्धको ३२ पटक प्रयोग भएको पाइन्छ भने सबैभन्दा कम परिणामबोधक सम्बन्ध, विशिष्ट सामान्य सम्बन्ध, घटना परिवेश सम्बन्ध, अनुमानको सम्बन्ध र शीघ्रताबोधक सम्बन्ध १ पटक मात्र प्रयोग भएको पाइन्छ । यसैगरी अन्य सम्बद्धनहरूमा प्रश्नार्थगत सम्बन्ध २७ पटक, व्यतिरेकी सम्बन्ध २१ पटक, प्रश्नोत्तर सम्बन्ध १७ पटक, कारण कार्य सम्बन्ध १७ पटक, रीतिबोधक सम्बन्ध १४ पटक, कार्य कारण सम्बन्ध ११ पटक, परिचयात्मक सम्बन्ध ६ पटक, सामान्य विशिष्ट सम्बन्ध ७ पटक, समुच्चयबोधक सम्बन्ध ५ पटक, स्पष्टोक्ति सम्बन्ध, व्याख्यात्मक सम्बन्ध, स्मरण सम्बन्ध र युगपदबोधक सम्बन्ध ४ पटक, परिवेश घटना सम्बन्ध, आर्थी विपर्याय सम्बन्ध र आज्ञार्थक सम्बन्ध ३ पटक प्रयोग भएको पाइन्छ भने आर्थी पर्याय सम्बन्ध र पुनरुक्ति सम्बन्ध २ पटक मात्र प्रयोग भएको पाइन्छ ।

- प्रस्तुत शोधलाई पाँच अध्यायमा विभाजन गरिएको छ ।
- प्रस्तुत शोधको पहिलो अध्यायमा शोध परिचय, दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा, तेस्रो अध्यायमा अध्ययन विधि र प्रक्रिया, चौथो अध्यायमा व्याख्या तथा विश्लेषण र पाँचौँ अध्यायमा सारांश, निष्कर्ष र उपयोगिताको अध्ययन गरिएको छ ।
- कतिपय अवस्थामा दुई वाक्यका बिचमा एकभन्दा बढी सम्बद्धक र सम्बद्धनको प्रयोग गरिएको छ ।
- 'भ्रमर' उपन्यास सङ्कथनका दृष्टिले उपयुक्त देखिएको छ ।
- यस अध्ययनको प्रस्तुत उपन्यासमा ९३ पृष्ठ रहेको छ । यसमा सम्बद्धक र सम्बद्धनको प्रयोगको स्थिति पहिचान गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

# विषयसूची


अध्याय : एक

शोध परिचय १-६

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको औचित्य ४

१.५ अध्ययनको सीमाङ्कन ५

१.६ अध्ययनको रूपरेखा ६

अध्याय : दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा ७-३३

२.१ पूर्वकार्यको समीक्षा ७

२.१.१ पुस्तक तथा लेखको समीक्षा ७

२.१.२ शोध समीक्षा १०

२.२ सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा १५

२.२.१ सङ्कथनको परिचय र परिभाषा १५

२.२.२ सङ्कथन विश्लेषणको पृष्ठभूमि र विकास १७

२.२.३ सङ्कथनका प्रकार १७

२.२.३.१ कथ्य सङ्कथन १८

२.२.३.२ लेख्य सङ्कथन १८

२.२.४ सङ्कथनका तत्त्वहरू १९

२.२.४.१ प्रस्तोता १९

२.२.४.२ बोद्धा १९

२.२.४.३ माध्यम १९

२.२.४.४ सूचनाको स्वरूप २०

२.२.४.५ कोड २०

२.२.४.६ विषय २०

२.२.४.७ परिवेश २१

२.२.५ सङ्कथन विश्लेषणका पद्धतिहरू २१

२.२.५.१ ऊर्ध्वगमन पद्धति २१

२.२.५.२ अधोगमन पद्धति २२

२.२.५.३ मिश्रित पद्धति २२

२.२.६ सङ्कथनका युक्तिहरू २३

२.२.६.१ सम्बद्धक २३

२.२.६.२ सम्बद्धन २७

**अध्याय : तिन**

**अध्ययन विधि र प्रक्रिया ३४-३५**

३.१ अध्ययन विधि ३४

३.२ अध्ययन प्रक्रिया ३४

३.२.१ तथ्याङ्क सङ्कलनका स्रोतहरू ३४

३.२.१.१ प्राथमिक स्रोत ३४

३.२.१.२ द्वितीयक स्रोत ३५

३.४ सङ्कलित तथ्याङ्कको व्याख्या र विश्लेषण ३५

**अध्याय :चार**

**व्याख्या तथा विश्लेषण ३६-७५**

**४.१ 'भ्रमर' उपन्यासमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण ३६**

४.१.१ सार्वनामिक सम्बद्धक ३६

४.१.१.१ पुरुषवाचक सार्वनामिक सम्बद्धक ३६

४.१.१.२ आत्मवाचक सार्वनामिक सम्बद्धक ३८

४.१.१.३ दर्शकवाचक सार्वनामिक सम्बद्धक ३९

४.१.१.४ सम्बन्धवाचक सार्वनामिक सम्बद्धक ४१

४.१.१.५ प्रश्नवाचक सार्वनामिक सम्बद्धक ४१

४.१.२ स्थानिक तथा कालिक सम्बद्धक ४२

४.१.३ संयोजक सम्बद्धक ४५

४.१.४ प्रतिस्थापन सम्बद्धक ४७

४.१.५ लोप सम्बद्धक ४७

४.१.६ निपात सम्बद्धक ४८

४.१.७ पुनरावृत्ति सम्बद्धक ४९

४.१.८ पर्यायवाची सम्बद्धक ५१

४.१.९ विपरीतार्थी सम्बद्धक ५१

**४.२ 'भ्रमर' उपन्यासमा प्रयुक्त सम्बद्धनहरूको विश्लेषण** **५३**
४.२.१ कार्य कारण सम्बन्ध ५३
४.२.२ कारण कार्य सम्बन्ध ५४
४.२.३ परिणामबोधक सम्बन्ध ५४
४.२.४ सामान्य विशिष्ट सम्बन्ध ५५
४.२.५ विशिष्ट सामान्य सम्बन्ध ५५
४.२.६ परिवेश घटनाको सम्बन्ध ५६
४.२.७ घटना परिवेशको सम्बन्ध ५६
४.२.८ व्यतिरेकी तुलनाको सम्बन्ध ५७
४.२.९ आर्थी पर्यायको सम्बन्ध ५८
४.२.१० आर्थी विपर्यायको सम्बन्ध ५९
४.२.११ स्मरणको सम्बन्ध ५९
४.२.१२ प्रयोजनको सम्बन्ध ६०
४.२.१३ अनुमानको सम्बन्ध ६०
४.२.१४ परिचयात्मक सम्बन्ध ६१
४.२.१५ स्पष्टोक्ति सम्बन्ध ६२
४.२.१६ व्याख्यात्मक सम्बन्ध ६२
४.२.१७ समुच्चयबोधक सम्बन्ध ६३
४.२.१८ रीतिबोधक सम्बन्ध ६३
४.२.१९ अनुक्रमबोधक सम्बन्ध ६४
४.२.२० प्रश्नोत्तर सम्बन्ध ६८

४.२.२१ प्रश्नार्थगत सम्बन्ध ६९

४.२.२२ पुनरुक्तिको सम्बन्ध ७१

४.२.२३ युगपदबोधक सम्बन्ध ७१

४.२.२४ शीघ्रताबोधक सम्बन्ध ७२

४.२.२५ आज्ञार्थक सम्बन्ध ७२

**४.३ 'भ्रमर' उपन्यासमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनको विश्लेषण ७३**

४.३.१ 'भ्रमर' उपन्यासमा प्रयोग भएका सम्बद्धकहरूको विश्लेषण ७३

४.३.२ 'भ्रमर' उपन्यासमा प्रयोग भएका सम्बद्धनहरूको विश्लेषण ७४

**अध्याय : पाँच**

**सारांश, निष्कर्ष र उपयोगिता ७६-८१**

५.१ सारांश ७६

५.२ निष्कर्ष ७८

५.३ उपयोगिता ८०

५.३.१ नीतिगत उपयोगिता ८०

५.३.२ प्रयोगगत उपयोगिता ८१

सन्दर्भसूची

व्यक्तिवृत्त